लागु औषध सहित
मानिस पक्राउ

# प्रेस विज्ञप्ति- ३२३

# Press Release- 323

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ ।
मिति: २०७९।११।१८ गते ।

## लागु औषध कारोवारमा संलग्न भारतीय सहित १८ जना मानिसहरु पक्राउ:
## (अवैध लागु औषध खैरो हेरोइन ४६९.५१ ग्राम र नियन्त्रित लागु औषध ९४० एम्पुल)

बिशेष सुचनाका आधारमा निरन्तर निग्रानी पश्चात काठमाण्डौं उपत्यका तथा बिभिन्न जिल्लामा रहेका मातहत शाखा कार्यालयहरुबाट लागु औषध खैरो हेरोईन र नियन्त्रित लागु औषध डाईजेपाम, ब्रुपिनोर्फिन र फेनारगन एम्पुलहरु सहित १८ जना मानिसहरु पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको व्यहोरा अनुरोध गरिएको छ ।

१. मिति २०७९।११।१० गते जिल्ला काठमाण्डौ, कागेश्वरी मनहरा न.पा वडा नं.९ मनोहरा मार्ग स्थित सडक किनारमा प्रदेश ३-०२-००४ प ८८३५ नम्वरको मोटरसाईकलमा फेला परेका जिल्ला मुगु सोरू गाउपालिका वडा नं १० बस्ने बर्ष २७ को **बिरेन्द्र बहादुर मल्ल**को साथबाट लागु औषध खैरो हेरोईन ४.५ ग्राम र निजको डेराकोठाबाट डिजिटल तराजु थान १ तथा नगद रू.११,५००।– सहित पक्राउ गरिएको ।

२. लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट नागढुंगामा खटिएको प्रहरी टोलीले मिति २०७९।११।१० गते काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. २ नागढुंगाबाट जिल्ला कैलाली, लम्किचुहा न.पा. वडा न १ बस्ने बर्ष ४० को **सुनिल शाही**लाई अवैध लागु औषध खैरो हेरोइन ५० ग्राम सहित पक्राउ गरिएको ।

३. मिति २०७९।११।१४ गते का.जि., बुढानिलकण्ठ न.पा. वडा न.-१० बाट जिल्ला सर्लाही, पर्सा गा.पा. वडा न.-२ बस्ने बर्ष २३ को **निखिल कुमार मण्डल** र भारत मोतिहारी बस्ने बर्ष ३१ को **जगत शर्मा**लाई **नियन्त्रित लागु औषध बुप्रेनोर्फिन १३१ एम्पुल, डाईजेपाम ६२६ एम्पुल र फेनारगन १८३ एम्पुल** सहित पक्राउ गरिएको ।

४. मिति २०७९।११।१४ गते का.जि.का.म.न.पा. वडा न.-२९ अनामनगर स्थित सडक किनारवाट जिल्ला कैलाली, बर्दगोरीया गा.पा.-वडा नं ६ बस्ने बर्ष २६ को **निरज चौधरी**को जिल्ला काठमाडौं, का.म.न.पा.वडा न- २९ अनामनगर स्थित डेराकोठाबाट डिजिटल तराजु थान १ तथा जिल्ला कैलाली, टिकापुर न.पा.-वडा नं १ बस्ने बर्ष २६ को **बालकृष्ण चौधरी**लाई आफ्नै डेराकोठा बाट लागु औषध खैरो हेरोईन १५.५ ग्राम सहित पक्राउ गरिएको ।

५. लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय नेपालगन्जको प्रहरी टोलीले मिति २०७९।११।१४ गते जिल्ला बाँके, कोहलपुर न.पा ४ गोहवाबाट जिल्ला बाँके, खजुरा गा.पा वडा न ४ बस्ने बर्ष २३ को **रोहित योगी**लाई अबैध लागु औषध खैरो हेरोईन १४.७५ ग्राम सहित पक्राउ गरिएको ।

६. लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय महेन्द्रनगरको प्रहरी टोलीले मिति २०७९।११।१४ गते जिल्ला कैलाली, धनगढी.उ.म.न.पा ३ चौराह चोकबाट जिल्ला कैलाली, टिकापुर बस्ने बर्ष २८ की **साबित्री मगर शाही**, बर्ष ३० को **प्रकाश बुढा** र बर्ष २२ की **कल्पना चौधरी**लाई अबैध लागु औषध खैरो हेरोईन ७.२६ ग्राम सहित पक्राउ गरिएको ।

७. लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०७९।११।१५ गते का.जि.गोकर्णेश्वर न.पा. वडा न.-६ सर्वेश्वर मन्दिर अगाडी सडक किनारमा जिल्ला झापा, कचनकवल गा.पा.-वडा नं ६ ठेगाना भएका बर्ष ३७ का **तोलपाल राजवंशीको** साथबाट लागु औषध खैरो हेरोईन ३ ग्राम सहित पक्राउ गरिएको ।

८. लागु औषध नियन्त्रण व्यूरो कोटेश्वर तथा मातहत शाखा कार्यालय बिरगंजबाट खटिएको संयुक्त प्रहरी टोलीले मिति २०७९।११।१६ गते जिल्ला पर्सा, बिरगंज म.न.पा. १६ शंकराचार्य गेट नजिक सडक खण्डबाट देश भारत पश्चिम बंगाल जिल्ला माल्डा बमन ग्राम बस्ने बर्ष २९ को **महमद नायम शेषलाई** अवैध लागु औषध खैरो हेरोइन **३००** ग्राम सहित पक्राउ गरिएको ।

९. लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०७९।११।१६ गते जिल्ला काठमाडौं, बुढानिलकण्ठ न.पा.वडा न-१२ संगमचोक स्थितबाट जिल्ला ईलाम, ईलाम न.पा.वडा न-८ बस्ने बर्ष २२ का **सुसन तामाङ**लाई फेला पारी निजको साथबाट लागु औषध खैरो हेरोईन २८.५ ग्राम, लागु औषध गाँजाको धुलो १४ ग्राम र डिजिटल तराजु थान १ सहित पक्राउ गरिएको ।

१०. लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय पोखराको प्रहरी टोलीले मिति २०७९।११।१६ गते जिल्ला कास्की, पोखरा.म.न.पा ९ नागढुगा चोकबाट जिल्ला कास्की, पोखरा म.न.पा.वडा न ९ बस्ने बर्ष २६ को **आशिष थकाली**को साथबाट अबैध लागु औषध खैरो हेरोईन १६ ग्राम र जिल्ला स्याङ्जा, पुतलीबजार न.पा वडा न ६ बस्ने बर्ष २७ को **सुमन गुरुङ**को साथबाट अबैध लागु औषध खैरो हेरोईन १३ ग्राम सहित पक्राउ गरिएको ।

११. लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय, काँकडभिट्टाको प्रहरी टोलीले मिति २०७९।११।१७ गते जिल्ला झापा, बिर्तामोड न.पा. ८ स्थित सडक किनारबाट जिल्ला सिरहा, सखुवान कर्कटी गा.पा. वडा नं २ बस्ने बर्ष २० को **शिबशंकर यादब** र जिल्ला सप्तरी, राजबिराज न.पा. वडा न.७ बस्ने बर्ष ३५ को **मोहमद नसिमको** साथबाट अवैध लागु औषध खैरो हेरोइन १२ ग्राम सहित पक्राउ गरिएको ।

१२. लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट नागढुंगामा खटिएको प्रहरी टोलीले मिति २०७९।११।१७ गते काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. २ नागढुंगाबाट जिल्ला रोल्पा, ऊवा गा.पा वडा न २ बस्ने बर्ष २८ को **राज कुमार मगर** लाई अवैध लागु औषध खैरो हेरोइन ५ ग्राम सहित पक्राउ गरिएको ।

**नोट :-**

**बरामद लागु औषधको अवैध बजार मुल्य अन्दाजी ने.रु. : ४८,५३,०२०।- ( अठ्चालीसलाख त्रिपन्नहजार बिस)**

- **बरामद लागु औषध एम्पुलको अवैध बजार मुल्य प्रति एम्पुल रु. १६८ को दरले ९४० एम्पुल को अ. मुल्य रू. १,५७,९२०।–**
- **बरामद लागु औषध खैरो हेरोईनको अवैध बजार मुल्य प्रति ग्राम रू. १०,०००।- को दरले ४६९.५१ ग्रामको अ. मुल्य रु. ४६,९५,१००।–**

**प्रवक्ता/ सूचना अधिकारी**
**( चक्र राज जोशी )**
**प्रहरी उपरीक्षक**
**मोबाईल नम्बर : ९८५११३२७४३**